हुलाक मञ्जुषा २१२५, ६० न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाडौं, नेपाल
फोन: ४२९७४१ ● फ्याक्स: ०१-४१९६१०

P. O. Box 2125, 60 New Plaza Marga, Putalisadak, Kathmandu, Nepal
Tel: 429741 ● Fax: 00977-1-419610 ● E-mail: wafed@ntc.net.np

**जल तथा उर्जा उपभोक्ता महासंघ-नेपाल**

**Water & Energy Users' Federation-Nepal**

प्रेस विज्ञप्ति
काठमाडौं

२०६०।९।२९

## मेलम्ची तथा इन्द्रावती आयोजनाबाट प्रभावितहरुका माग अविलम्बन पुरा हुनु पर्ने अभियानका लागि विभिन्न समितिहरु गठन

हामी मेलम्ची तथा इन्द्रावती आयोजनाबाट विभिन्न रुपमा प्रभावित स्थानीय जनताहरु राजधानीमा सम्पन्न दुई दिनको छलफल र परामर्शपछि निम्नलिखित सहमतिमा पुगेका छौं:

१. मेलम्ची आयोजनासम्बन्धी वातावरणीय अध्ययन प्रतिवेदन अधुरो भएको हुनाले प्रभावित क्षेत्र र समुदायको पुनर्परिभाषा गरी थप अध्ययन गरी सोहीअनुसार प्रभाव न्यूनीकरण कार्यक्रमहरु समावेश गरी ती कार्यक्रमहरुलाई प्रभावकारी रुपमा लागू गरिनु पर्ने ।

२. मेलम्ची क्षेत्रका लागि अहिले तथा भविष्यमा आवश्यक पर्ने पानीको मात्राबारे स्पष्ट र वैज्ञानिक अध्ययनका आधारमा अग्रिम रुपमा छिनोफानो गरिनु पर्ने अन्यथा यसले भविष्यमा पानीको बाँडफाँडका सम्बन्धमा गम्भीर समस्या उत्पन्न हुने ।

३. मेलम्ची आयोजना पुरा भएपछि त्यसबाट हुने आम्दानीको कम्तिमा पनि १० प्रतिशत रकम (लेभी) स्थानीय प्रभावित क्षेत्रको समग्र विकासका लागि छुट्याइनु पर्ने ।

४. पानीको बाँडफाँड तथा लेभीसम्बन्धी निर्णयहरु नेपाल राजपत्रमा अग्रिम रुपमा प्रकाशित गरिनु पर्ने ।

५. हालसम्म पनि धेरै घर, जग्गा, पानीघट्ट, मिलहरुको करोडौं रुपैयाँ बराबरको क्षतिपूर्ति र पुनर्स्थापना रकम दिने कार्य बाँकी रहेकाले यी कार्यहरु अविलम्ब पुरा गरिनु पर्ने ।

६. आयोजनाबाट प्रभावित हुने कुलो तथा सिंचाई आयोजनाहरुबाट कृषि उत्पादनमा पर्ने असरको मात्राका आधारमा क्षतिपूर्ति तथा दीर्घकालिन सहयोग कार्यक्रम तर्जुमा गरिनु पर्ने ।

७. आयोजनाबाट प्रभावित सामुदायिक वन क्षेत्रका लागि सामुदायिक क्षतिपूर्ति तथा गुठीका घरजग्गाबापत पनि उचित क्षतिपूर्तिको व्यवस्था हुनु पर्ने ।

८. हाल लागू भइरहेको भनिएको सामाजिक उत्थान कार्यक्रम (Social Upliftment Programme-SUP) एकदमै हचुवा र अव्यावहारिक भएकोले मेलम्ची आयोजनाबाट प्रभावित १७ वटा गाउँ विकास समितिका जनताहरुसँगको खुला परामर्शका आधारमा नयाँ सामाजिक उत्थान कार्यक्रम तयारी गरी स्थानीय सहभागिता र स्वामित्वमा त्यसको कार्यान्वयन हुनु पर्ने । हालकै अवधारणपत्र र प्रक्रियाबाट यो कार्यक्रम लादने कार्य भइरहेमा यसबाट आयोजनाको प्रभावकारी कार्यान्वयनमा विभिन्न दीर्घकालिन समस्याहरु उत्पन्न हुन सक्ने ।

९. मेलम्चीजस्तो बृहत् आयोजनाको सञ्चालन हुँदा उक्त सामाजिक उत्थान कार्यक्रममा महिला बेचबिखनको समस्याबाट पीडित एवं प्रभावित एवं विश्वभरि नै बदनाम क्षेत्रका लागि विशेष आर्थिक, सामाजिक तथा शैक्षिक कार्यक्रम लागू गरिनु पर्ने तथा आयोजनाकै अभिन्न अंगका